**श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड**

**कालोपुल-७, काठमाडौं, नेपाल**

# बलेफी ए खोला जलविद्युत आयोजना (२२.१४ मे.वा.) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

*(प्रकाशित मिति: २०८२/०५/११ गते)*

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका र बलेफी गाउँपालिकामा श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड<br>कालोपुल-७, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-४५६२८४४, इमेल: s.lamichhane29@gmail.com |
| प्रस्तावको व्यहोरा | बलेफी ए खोला जलविद्युत आयोजना नदी प्रवाही (Run-of-River, RoR) प्रकारको आयोजना हो। यस आयोजनाको जडित क्षमता २२.१४ मेगावाट रहेको छ। प्रस्तावित आयोजनाको डिजाइन डिस्चार्ज ३२.४० घनमिटर प्रति सेकेण्ड र ग्रस हेड ८६ मि. रहेको छ। प्रस्तावित जलविद्युत आयोजनाको वार्षिक ऊर्जा उत्पादन १२५.३ गिगावाट आवर रहेको छ। आयोजनाको मुख्य संरचनाहरूमा बाँध, एप्रोच क्यानल, बालुवा थिग्राउने पोखरी, हेडरेस क्यानल, फोरबे, हेडरेस पाइप, सर्ज ट्यांक, पेनस्टक पाइप, विद्युतगृह, टेलरेस, स्वीचयार्ड रहेका छन्। यस जलविद्युत आयोजनाबाट उत्पादन हुने २२.१४ मे.वा. विद्युतलाई सोही आयोजनाको स्वीचयार्डबाट करिब ९ कि.मि. लामो ३३ के.भी डबल सर्किट विद्युत प्रसारण लाइन मार्फत् बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका वडा नं. ४ मा अवस्थित नेपाल विद्युत प्राधिकरणको निर्माणाधीन पाङताङ सबस्टेसन (२२०/१३२/३३/११ के.भी.) मा जोडिने छ। |
| प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./वडा नं. | बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका वडा नं. १, २ र ५ र बलेफी गाउँपालिका वडा नं.१ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरुलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ, र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

***नोट: आयोजनाले असर पार्ने सार्वजनिक संरचना र प्रभावित घरधुरीको विवरण (संरचना र जग्गा) प्रभावित वडा कार्यालयहरुको सुचना पाटीमा टाँस गरिएको छ।***

| कार्यक्रम हुने मिति, समय र स्थान | | |
|---|---|---|
| **मिति** | **समय** | **स्थान** |
| २०८३/०५/१८ गते, बिहिबार | बिहान १०:०० बजे | बलेफी गाउँपालिका वडा नं.१, शिब मन्दिर, दोबाटे |

**आयोजक:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड<br>कालोपुल-७, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-४५६२८४४<br>इमेल: s.lamichhane29@gmail.com | श्री इन्भइनर्जी विज प्रा.लि.<br>बुद्धनगर, काठमाडौं, नेपाल<br>सम्पर्क नं.: ९८०१०१०११६<br>ईमेल: info@invenerzi.com.np |